# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौँडा

## सूचना तथा प्रकाशन शाखा

## जेष्ठता र कार्य सम्पादन मूल्याांङ्कनद्वारा हुने बढुवाको सूचना

### सूचना नं. ८/०७७-७८

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने सहायक चौथो तह प्राविधिक तर्फका देहायका पदहरूका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा (२) बमोजिम सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७७/९/१२ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र बागमती प्रदेशका रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, धादिङ, चितवन, सिन्धुली, रामेछाप, दोलखा र काभ्रेपलाञ्चोक जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरू तथा काठमाडौं उपत्यकाको हकमा प्रदेश सुशासन केन्द्र, जावलाखेल र मकवानपुर जिल्लाको हकमा आयोगको कार्यालय, हेटौंडामा दरखास्त बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरूलाई आयोगले बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रूपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरू**

१. निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।
२. निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ । दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
४. दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
५. दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ ।
६. दरखास्त दस्तुर रु. ६००।- (रु. छ सय) बुझाउनु पर्नेछ ।

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा**

| क्र.स. | बढुवा सूचना नं. | स्थानीय तह | सेवा | समूह | तह | पद | माग पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७७-७८ | थाक्रे गाउँपालिका, धादिङ्ग | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौंथो | १ |
| २ | २/०७७-७८ | थाक्रे गाउँपालिका, धादिङ्ग | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ३ | ३/०७७-७८ | तेमाल गाउँपालिका, काभ्रेपलाञ्चोक | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ४ | ४/०७७-७८ | मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौंथो | १ |
| ५ | ५/०७७-७८ | मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ६ | ६/०७७-७८ | भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोक | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ७ | ७/०७७-७८ | कालिञ्चोक गाउँपालिका, दोलखा | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ८ | ८/०७७-७८ | गौरीशंकर गाउँपालिका, दोलखा | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| ९ | ९/०७७-७८ | बाहबिसे नगरपालिका, सिन्धुपाल्चोक | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौंथो | १ |
| १० | १०/०७७-७८ | भरतपुर महानगरपालिका, चितवन | इञ्जि. | सर्भे | ४ | अमिन | ३ |
| ११ | ११/०७७-७८ | भरतपुर महानगरपालिका, चितवन | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | ३ |
| १२ | १२/०७७-७८ | माडी नगरपालिका, चितवन | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौंथो | १ |
| १३ | १३/०७७-७८ | खैरहनी नगरपालिका, चितवन | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौंथो | १ |

| क.स. | बढुवा सूचना नं. | स्थानीय तह | सेवा | समूह | तह | पद | माग पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १४ | १४/०७७-७८ | राक्सिराङ्ग गाउँपालिका, मकवानपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौंथो | १ |
| १५ | १५/०७७-७८ | राक्सिराङ्ग गाउँपालिका, मकवानपुर | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १६ | १६/०७७-७८ | भीमफेदी गाउँपालिका, मकवानपुर | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १७ | १७/०७७-७८ | थाहा नगरपालिका, मकवानपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौंथो | १ |
| १८ | १८/०७७-७८ | थाहा नगरपालिका, मकवानपुर | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| १९ | १९/०७७-७८ | कैलाश गाउँपालिका, मकवानपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौंथो | १ |
| २० | २०/०७७-७८ | बागमती गाउँपालिका, मकवानपुर | प्रशासन | सामान्य प्रशासन | ४ | सहायक चौंथो | १ |
| २१ | २१/०७७-७८ | बागमती गाउँपालिका, मकवानपुर | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |
| २२ | २२/०७७-७८ | उमाकुण्ड गाउँपालिका, रामेछाप | इञ्जि. | सिभिल | ४ | असिष्टेन्ट सब इन्जिनियर | १ |